अनुसूची- १

(दफा ६ को ( उपदफा १) सँग सम्बन्धित)

**मनकामना क्षेत्र विकास समिति, कार्यकारी निर्देशक सिफारिस समितिको सचिवालय**

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा

## दरखास्त आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०८१/४/२४)

मनकामना क्षेत्र विकास समिति (गठन) आदेश, २०८१ बमोजिम कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको संस्कृति हेर्ने महाशाखामा आवेदन दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. आवश्यक न्यूनतम योग्यताः**

(क) नेपाली नागरिक,

(ख) व्यवस्थापन, मानविकी, शिक्षा, कानून वा पर्यटन सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ग) पच्चीस वर्ष उमेर पूरा भई पचास वर्ष ननाघेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) राजनैतिक दलको सदस्य नरहेको,

(च) प्रचलित कानूनले अयोग्य नरहेको।

**२. दरखास्त दस्तुरः** रु २०००।-(दुई हजार) को राजश्व भौचर (राष्ट्रिय वाणिज्य बैङ्क, प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय गण्डकी)

**३. छनौटका आधारहरुः**

(क) न्यूनतम शैक्षिक योग्यता

(ख) माथिल्लो शैक्षिक योग्यता

(ग) कार्य अनुभव

(घ) व्यावसायिक कार्ययोजना

(ङ) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण

(च) अन्तरवार्ता।

**४. आवेदनसाथ संलग्न गर्नु पर्नेः**

उम्मेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि समावेश गर्नु पर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेद्वार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ। व्यवसायिक कार्ययोजना शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

थप जानकारीका लागि भोजराज न्यौपाने ९८४६६४००७८

उप सचिव

## मनकामना क्षेत्र विकास समितिको कार्यकारी निर्देशक पदका लागि

## दरखास्त दिन इच्छुक उमेदवारहरुलाई थप जानकारी

अनुभव वापत देहाय वमोजिमको निकायमा रही अधिकृतस्तरमा काम गरेको अनुभव पत्रका आधारमा मान्यता प्रदान गरिने छः

(क) निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा र अन्य सरकारी सेवा,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था,

(ग) ऐनद्वारा स्थापित संस्था वा निकाय,

(घ) सामुदायिक विद्यालय वा क्याम्पस,

(ङ) अन्तर सरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरु,

(च) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति ।

व्यवसायिक कार्ययोजना कम्तीमा ३००० शब्दमा देहायका विषयहरु समावेश भएको हुनुपर्नेछः-

(क) पृष्ठभूमि

(ख) उद्देश्य

(ग) दीर्घकालीन सोच

(घ) नीति तथा रणनीति

(ङ) मनकामना क्षेत्र विकास योजना

(च) स्रोत साधनको दिगो परिचालन तथा व्यवस्थापन

(छ) सम्बद्ध पक्षसँगको समन्वय र सहकार्य

(ज) कार्यान्वयन कार्ययोजना

उप सचिव

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

व्यवसायिक योजनाको भित्री पृष्ठहरुमा नाम, नम्बर वा कुनै संकेत नगरेको साथै बाहिरी पृष्ठ निम्न बमोजिमक ढाँचामा हुनुपर्नेछ।

| | |
|---|---|
| (समितिले भर्ने)<br><br>कोड नं.<br><br>सूचना नं.<br><br>पदः | (समितिले भर्ने)<br><br>कोड नं.<br><br>सूचना नं.<br><br>पदः<br><br>दर्ता नं. |
| | (उम्मेद्वारले भर्ने)<br><br>सूचना नं.<br><br>पदः<br><br>नाम थरः<br><br>रोल नं.<br><br>स्थायी ठेगानाः<br><br>सम्पर्क नं. |

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

...य सचिव